आज मिति २०७६ साल चैत्र २६ गते बुधवारका दिन यस मुसीकोट नगर कार्यपालिकाका प्रमुख श्री देवीलाल गौतम ज्युको अध्यक्षतामा आर्थिक वर्ष २०७६।०७७ को एघारौं बैठक तपशिल बमोजिमको उपस्थितिमा बसी निम्न प्रस्तावहरु उपर व्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

**तपशिल**

| क्र. सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | देवीलाल गौतम | नगर प्रमुख | [signature] |
| २ | प्रेमकुमारी सुनार | उप-प्रमुख | [signature] |
| ३ | बिरबल केसी | कार्यपालिका सदस्य | [signature] |
| ४ | काशीराम खड्का | ,, ,, | [signature] |
| ५ | भिमबहादुर खड्का | ,, | [signature] |
| ६ | निर्मलकुमार पुन | ,, ,, | [signature] |
| ७ | शुसिल गौतम | ,, ,, | [signature] |
| ८ | बसन्त कुमार गौतम | ,, ,, | [signature] |
| ९ | हिमबहादुर पाण्डे | ,, ,, | [signature] |
| १० | बद्रिप्रसाद बुढा | ,, ,, | [signature] |
| ११ | नविन ओली | ,, | [signature] |
| १२ | गोपेश्वर केसी | ,, ,, | [signature] |
| १३ | पदमबहादुर पुन | ,, ,, | [signature] |
| १४ | प्रेमबहादुर ओली | ,, ,, | [signature] |
| १५ | दिपक केसी | ,, ,, | [signature] |
| १६ | भिमबहादुर विष्ट | ,, ,, | [signature] |
| १७ | धिरन सिपाली | | [signature] |
| १८ | शर्मीला परियार | | |
| १९ | पवित्रा कामी | ,, ,, | [signature] |
| २० | जानकी केसी खड्का | ,, ,, | [signature] |
| २१ | कमला बुढा पुन | ,, ,, | [signature] |
| २२ | चम्पा परियार | ,, ,, | [signature] |
| २३ | मिना थिक | ,, ,, | |
| २४ | यामकुमारी नेपाली | ,, ,, | [signature] |
| २५ | सर्वीर खड्का | सदस्य सचिव | [signature] |

आमन्त्रित:

१ ललित पुन [illegible] [signature]

२

३

४

५

मुसिकोट नगरकार्यपालिकाको मिति २०७६।१२।२६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु

| क्र स | प्रस्तावहरु | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|
| १ | मुसिकोट क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय र विपन्न परिवारलाई राहात वितरण सम्वन्धि मापदण्ड, २०७६ सम्वन्धमा । | पेश भए अनुसार पारित हुनपर्ने । |
| २. | मुसिकोट नगरपालिका स्थानीय प्रकोप व्यवस्थापन कोष खातामा आवश्यक बजेट व्यवस्था गर्ने सम्वन्धमा । | विभिन्न खर्च शिर्षकको बजेट रकमान्तर गरि आवश्यक बजेटको व्यवस्था हुनपर्ने । |
| ३. | नोभेल कोरोना भाइरस (कोभिड–१९) को संक्रमण रोकथाम र नियन्त्रण सम्वन्धमा । | १ आपुर्ति व्यवस्था:<br>२. विकास आयोजनाका कामकाज:<br>३. बालि नालि लगाउने र उठाउने :<br>४ नगरबाहिर रहेकाहरुको लगत संकलन:<br>५ स्वास्थ्य सेवा संचालन<br>६. बाहिरबाट आएका व्यक्तिहरुको निगरानी:<br>७. टोल स्तरमा द्रुत प्रतिकार्य समुह:<br>८. अनावश्यक भ्रम तथा कार्यको लागि कारवाहि: |
| ४ | विविध सम्वन्धमा । | समसामयिक तथा आवश्यक विषयमा छलफल भै आवश्यक निर्णय हुनुपर्ने । |

## निर्णयहरु

**निर्णय नं. १ मुसिकोट क्षेत्रमा कार्यरत श्रमिक बर्ग, असहाय र विपन्न परिवालाई राहात वितरण सम्वन्धि कार्यविधि, २०७६ सम्वन्धमा**

पेश भए अनुसार सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ मुसिकोट नगरपालिका स्थानीय प्रकोप व्यवस्थापन कोष खातामा आवश्यक बजेट व्यवस्था गर्ने सम्वन्धमा**

यस अघिको कार्यपालिकाको बैठकको निर्णय अनुसार मुसिकोट नगरपालिका स्थानीय प्रकोप व्यवस्थापन कोष खाता स्थापना गरि विपद व्यवस्थापन कोषको लागि विनियोजन भएको रु ७,००,०००। मध्ये खर्च भै बाँकि रहेको ३,७२,०००। र कर्मचारीहरुको १ दिनको तलव रु १,०३,६५५ सो कोषमा जम्मा भएको र थप रकम रु ३०,००,०००। व्यवस्थापन गर्न मिति २० गतेको कार्यपालिकाको निर्णय अनुसार योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा गठन भएको समितिको सिफारिस अनुसार बजेट रकमान्तर हुने गरि कोष खातामा बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ नोभेल कोरोना भाइरस (कोभिड–१९) को संक्रमण रोकथाम र नियनत्रण सम्वन्धमा**

विश्वव्यापि रुपमा महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाइरस (कोभिड–१९) को कारण उतपन्न प्रतिकुल अवस्थाबाट नागरिकहरुलाई सुरक्षित राख्न र प्रभावित वर्गको दैनिक जीवनयापनलाइ सहज बनाउन नेपाल सरकारले गरेको लकडाउनको निर्णयको पालना, विभिन्न समयमा नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले गरेका निर्णय तथा कर्णाली प्रदेश सरकारले यस सम्वन्धि गरेका निर्णयको अधिनमा रहि तपशिल अनुसारका निर्णय गरियो ।

**तपशिल**

१. नगर क्षेत्रको आपुर्ति व्यवस्था प्रभावकारी रुपमा सचालन गर्न, सोको अनुगमन गर्न र आवश्यक मापदण्ड तयार गर्न लागु गर्न नगर उप प्रमुख, विषयगत समितिका सयोजक र आर्थिक विकास शाखा प्रमुख सदस्य सचिव रहने गरी नगर स्तरमा आपुर्ति व्यवस्थापन समिति गठन गर्ने र वडास्तरमा वडा अध्यक्षको सयोजकत्वमा वडा सदस्य सहित अन्य व्यक्तिहरुको सहभागिता रहने गरी वडास्तरमा आपुर्ति व्यवस्थापन समिति गठन गर्ने र सो समितिले वडाको दैनिक उपभोग्य वस्तुको माग र आपुर्तिको प्रक्षेपण गरि नगरपालिकामा प्रतिवेदन पेश गर्ने यसरी कार्य गर्ने व्यवस्था अनिवार्य रुपमा १ मिटरको न्यूनतम भौतिक दुरि (Social Distancing) कायम गरि गर्ने ।

२. नगर क्षेत्रका विकास निर्माणका आयोजनाहरु तथा दैनिक अत्यावश्यक उपभोगका खाद्यवस्तु उत्पादन तथा बिक्रि वितरण गर्ने क्षेत्रमा काम गर्ने श्रमिक वर्ग र अन्य जनशक्तिले तपशिल अनुसारको व्यवस्था मिलाइ कार्य गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गरि कार्य गर्ने व्यवस्था मिलाउने ।

तपशिल

१. श्रमिक र अन्य जनशक्तिहरु अनिवार्य रुपमा कार्यस्थलभित्रै रहनुपर्ने, उनिहरुलाइ आवास र खानाको व्यवस्था कार्यस्थल भित्रै गरिनुपर्ने, कार्यस्थलबाट बाहिर जान र कार्यस्थल बाहिर रहेका परिवारका सदस्य तथा अन्य कुनै व्यक्तिसंग सम्पर्कमा रहन नदिने ।

२. कार्यस्थलमा आवश्यक न्युनतम भौतिक दुरी कायम गर्नुपर्ने । स्वास्थ्य सम्बन्धि प्रोटोकल पालना गर्न लगाउने ।

३. कार्यस्थलमा रहने सबै व्यक्तिको दैनिक ज्वरो नाप्ने, नियमित स्वास्थ्य जाँच गर्ने, मास्क, सेनिटाइजर तथा साबुन पानीको प्रयोग गर्ने व्यवस्था मिलाउने ।

४. यसको लागि नगरपालिकाले नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने र माथि उल्लेखित कार्य नगरी काम गरेमा कारवाहीको लागि सिफारिस गर्ने ।

३. खाद्य सुरक्षालाई कायम राखि राख्न छिटो उत्पादन हुने तथा बढि प्रतिफल दिने अन्न तथा तरकारी बालिहरु लगाउने, बाँझो रुपमा जमिन खालि नराख्ने, पाकेका अन्न तथा तरकारी बालि व्यवस्थित रुपमा उठाउने, यस्तो कार्यका लागि न्युनतम भौतिक दुरी अनिवार्य कायम राख्ने, अनावश्यक रुपमा भिडभाड नगर्ने, सकेसम्म परीवारका सदस्यहरुबाट नै काम गर्ने । कृषि विकास शाखाले यस कार्यका लागि कृषक समुहहरुलाइ फोन मार्फत आवश्यक सल्लाह, सुझाव र प्राविधिक सेवा दिने व्यवस्था मिलाउने । पशु सेवा शाखाले पनि विभिन्न कृषक समुह तथा फर्महरुलाई फोनमार्फत प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

४. देश बाहिर र नगर बाहिर रहेका यस नगरपालिका बासिहरुको लगत संकलन ३ दिन भित्र गरि नगरपालिकामा पेश गर्ने र अप्ठ्यारो अवस्थामा रहेका नगरबासि नागरिकहरुको तत्काल व्यवस्थापन गर्न सम्बन्धित सरकार तथा निकायहरुसंग समन्वय गरि आवश्यक कार्य गर्ने ।

५. हाल अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा ओपिडि सेवा बन्द रहेको अवस्थामा नागरिकलाइ रेडियो मार्फत विशेषज्ञ सेवा प्रदान गर्ने कार्यका लागि स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम, १ नगरक्षेत्रमा सचालन रहेका सामुदायिक अस्पतालमा कार्यरत चिकित्सक, जिल्ला बाहिर उपलब्ध हुने चिकित्सकको सहयोग तथा रेडियो सानीभेरी एफ.एम.को सहकार्यमा यस नगरपालिकाको निशुल्क टोल फ्रि नम्बर १६६०८८५३००१ मार्फत निशुल्क सेवा दिने व्यवस्था तत्काल मिलाउने ।

६. नेपाल सरकारले गरेको लकडाउनको अवधि भित्र यस नगरपालिकामा भित्रिएका व्यक्तिहरुको विवरण अद्यावधिक गरि उनिहरुको स्वास्थ्य अवस्था तथा दैनिक गतिविधिहरुको निगरानी राखि वडा कार्यालयहरुले नगरपालिकामा दैनिक विवरण पेश गर्ने र यस अवधिमा भित्रिएका व्यक्तिहरुमा संक्रमण भएको वा सम्भावित सक्रमण हुन सक्ने अवस्थालाइ दृष्टिगत गरि द्रुत गतिमा कोभिड-१९ को परिक्षण गर्ने व्यवस्था मिलाउन स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम) मार्फत कर्णाली प्रदेश सरकारलाइ अनुरोध गर्ने ।

७ यस अघिको कार्यपालिकाको निर्णय अनुसार वडास्तरमा गठन भएको कोरोना भाइरस रोकथाम नियन्त्रण पुर्वतयारी तथा प्रतिकार्य समन्वय समितिको मातहत रहने गरी प्रत्येक टोलमा कम्तिमा २०-३० घरधुरी समेटिने गरी तपशिल अनुसारको कार्यक्षेत्र रहने गरी टोल स्तरमा द्रुत प्रतिकार्य समूह गठन गर्ने

**कार्यक्षेत्र**

१ आफ्नो कार्यक्षेत्र रहेको टोल तथा बस्तिका प्रत्येक घरधुरीका हरेक सदस्यको विवरण सकलन गर्ने ।

२ सम्भावित लक्षण देखिएका, जोखिममा परेका परिवार तथा श्रमिक वर्ग अन्य आवश्यकता भएका व्यक्तिहरुको पहिचान गर्ने ।

३. सरकारले गरेको लकडाउनको अवस्वथाको पुर्ण परिपालना गर्न लगाउने र सो अवधिमा सार्वजनिक प्रयोगका वस्तुहरुको आलोपालो व्यवस्थित रुपमा मिलाउने, सार्वजनिक सरसफाइ र अनुशासन कायम गर्ने ।

४. बाहिरबाट हुने आवतजावतलाइ कडाइ पूर्वक व्यवस्थापन गर्ने र सकेसम्म पुर्ण रुपमा आवतजावत निषेध गर्ने ।

५. समितिले दिएका निर्देशनहरुको कार्यान्वयन गर्ने र सो जानकारी समितिलाइ गराउने ।

८. कोरोना भाइरस सम्बन्धि अनावश्यक भ्रम फैलाउने, यसबाट सृजित प्रतिकुल अवस्थाको फाइदा उठाउने यस्ता अवस्थामा असामाजिक व्यवहार अवलम्वन गर्ने र घरेलु हिंसाजस्ता जघन्यलाइ उपराध गर्नेलाइ तत्कालन कानुन कारवाहि गर्न सिफारिस गर्ने ।

अन्तमा आजको बैठक सौहार्द रुपमा समापन भएको घोषणा गर्दै बैठकमा सहभागि सबैलाई अध्यक्षबाट धन्यवाद व्यक्त गरीयो ।